

रूपन्देही, ८ मंसिर (दैपस)- दुई दशकदेखि नेपाल आयल निगमको ट्याङ्कर चलाउँदै आएका दामोदर खरेललाई पेट्रोलियम पदार्थ बोकेर निगमको भलबारी डिपो आउँदा सधैँजसो ट्याङ्कर कहाँ पार्किङ गर्ने भन्ने चिन्ताले सताउँछ। डिपोमा पार्किङको उचित व्यवस्था नहुँदा कहिले सडक किनारा त कहिले टोल बस्तीभित्रै ट्याङ्कर राख्नुपर्ने बाध्यता छ।

सडकमा पार्किङ गर्दा दुर्घटना र ट्राफिक कारबाहीको डर तथा बस्ती नजिक स्थानीयले रोक्नसमेत नदिँदा खरेलजस्तै ३०० हाराहारी ट्याङ्कर चालकले हैरानी बेहोर्दै आएका छन्।

“डिपोमा पार्किङ नहुँदा सडकमै ट्रक तथा ट्याङ्कर राख्नुपर्ने, ट्राफिक प्रहरीले जरिवाना तिराउने, बुटवल-भैरहवा सडकको सर्भिस लेनबाट निगमको डिपोभित्र प्रवेश गर्नुपर्दा अत्यधिक जामको समस्या आएको छ”, चालक खरेलले भने। पेट्रोलियम पदार्थ लिन निगमकै अन्य तथा इण्डियन आयल कर्पोरेशन (आइओसी) का विभिन्न डिपो पुगेका उनीसँग डिपो सुरक्षाका लागि छुट्टै पार्किङको विशेष व्यवस्था भएको अनुभव छ। “सडकमा रोकी राख्दा कहिलेकाहीँ दुर्घटना हुनसक्छ, त्यसको जिम्मेवार को भन्दा ट्याङ्कर चालक नै हुने गरेका छन्”, ट्याङ्कर एकाइ कमिटी भलबारीका अध्यक्ष खरेलले भने, “निगमले पार्किङको ठाउँ छुट्टाइदिएको भए चालक र स्थानीयलाई पनि ढुक्क हुन्थ्यो।” पश्चिमाञ्चल ट्याङ्कर व्यवसायी सङ्घका कोषाध्यक्ष धनेन्द्र पौडेलले ठूल्ठूला ट्याङ्कर आवातजावत गरिरहँदा पार्किङको अभाव भएको बताए। इन्धन लोड गरेर ल्याएको ट्याङ्कर यत्रतत्र राख्नुपर्ने बाध्यता छ। “पेट्रोलियम पदार्थ बोकेको ट्याङ्कर घरमा लगेर राख्ने होइन, अति प्रज्वलनशील पदार्थ सडकमा राख्न पनि मिलेन”, उनले भने, “पेट्रोलियम पदार्थको माग बढेका दिन लस्करै वल्लो चोकदेखि पल्लो चोकसम्म ट्याङ्कर राख्नुपर्ने बाध्यता छ, यसबाट सडक दुर्घटना मात्र नभई अन्य समस्या पनि बेहोर्नुपरेको छ।”

यसैबीच अब रूपन्देहीकै रोहिणी क्षेत्रमा डिपो सार्ने खबरले ट्याङ्कर व्यवसायी र चालक उत्साहित छन्। “रोहिणी क्षेत्रमा डिपो स्थानान्तरण हुने जानकारी पाएका छौँ, नयाँ ठाउँमा पार्किङको उचित व्यवस्था हुन्छ भन्ने आशा छ”, पौडेलले भने।

ट्याङ्कर चालक मात्रै होइन वरपरका नागरिकलाई पनि डिपोले तनाव नै दिएको छ। विसं २०३६ मा डिपो स्थापना भएको हो। त्यति बेला भलबारी गाउँ नै थियो। अहिले सो क्षेत्र सहरमा परिणत भएको छ। बुटवल-भैरहवा ६ लेन सडक यही हुँदै गएको छ। चार बिघा १४ कट्ठामा फैलिएको सो डिपो अहिले घना बस्तीको बीचमा छ। इन्धन बोकेका ट्रक तथा ट्याङ्कर घरै अगाडि सडकमा पार्किङ गरेर राख्दा जोखिम बढेको तिलोत्तमा-७ भलबारीस्थित मनकामना टोल विकास संस्थाका अध्यक्ष विसन शाही बताउँछन्। केही वर्षअघि भलबारी डिपोमा आगलागी हुँदा त्रास बढेको भन्दै स्थानीयले सङ्घर्ष समिति गठन गरी डिपो तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्न निगमलाई पटक पटक ज्ञापनपत्र बुझाएका छन्। ज्ञापनपत्रमा तत्काल डिपो स्थानान्तरण प्रक्रिया अघि बढाउने, त्यसअघि ट्याङ्करको निश्चित स्थानमा पार्किङको व्यवस्था, बुटवल-भैरहवा सडकखण्डको ‘सर्भिस लेन’मा ट्रक ट्याङ्कर पार्किङ गर्ने अवस्था तत्काल हटाउनेलगायत विषय उल्लेख गरिएको सङ्घर्ष समितिका संयोजक गङ्गा शाहीको भनाइ छ।

निगमको लुम्बिनी प्रादेशिक डिपो प्रमुख शैलेन्द्र भुसाल भलबारी डिपोमा जग्गा अभावका कारण तत्काल भण्डारण क्षमता र पार्किङ क्षेत्र विस्तार गर्नसक्ने अवस्था नरहेको बताए। रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी र रुकुम पूर्वसहित बागलुङका केही पम्पमा इन्धन आपूर्ति गर्दै आइरहेको छ। सो डिपोअन्तर्गत २०० भन्दा बढी डिलर सञ्चालित छन्। डिपोमा इन्धन ल्याउने र डिलरमा पुऱ्याउन करिब ३०० ट्रक ट्याङ्कर छन्। भलबारी डिपोमा अमलेखगञ्जबाट डिजेल तथा पेट्रोल भारतको बेतालपुर डिपोबाट आयात हुँदै आएको छ।

**बाँकी २ पेजमा**



9709184147 / 9802922304

9821449997 NCELL

# सुरज सेनेटरी

बुटवल-१७, रानीगंज

ट्वाइलेट सफा गराउनु परेमा,
स्याफ्टी टंकी रिंग भरिएमा हामीलाई सम्झनुहोस् ।
हामी तपाईको समस्या पाँच मिनेटमा हल
गरिदिने छौ ।

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला ।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ ।

सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस् ।

सिताराम सफा सेनेटरी
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२

पायल्स, फिसर, फिस्टुला
क्षारसुत्र विधिद्वारा विशेष उपचार




डा. सन्तोष गौतम
वरिष्ठ आयुर्वेद चिकित्सक
२० वर्ष अनुभवी

डा. प्रिती ज्ञवाली
आयुर्वेद चिकित्सक

महिलाहरुका लागि दक्ष महिला डाक्टरद्वारा परिक्षण

दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श

यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि , सिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श

अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाब पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक यसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श

माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि १०० मि. उत्तर मेन रोड)
०७१-५३८८९३, ९८४७३५२१२

which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the BID Security Amount in Bank:**

Name of the Bank: Prabhu Bank Ltd.

Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.

Office Code no: 801055101

Office Account no: 2587086986800048

Account Name :Dharouti Account.

5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, ArghakhanchiLumbini Province, Nepal
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini I on or before 10th December, 2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 10th D Arghakhanchi.

**Bidders other details are as given bel**

| Tender No. | Name of Project | Bid Price |
|---|---|---|
| 08/BMA/W/ RM/2082/083 | Belbot Shanti Ma Vi Damasetole Ramkot Moterable Road Strengthening works | NRs. 1000.00 (Not Refundab |
| 09/BMA/G/SP/2082/083 | Stationery Procurement and Supply Works. | NRs. 1000.00 (Not Refundab |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next wo validity period of the bid and bid security shall remain the same as specified for the original last

## ट्वाईलेट सफा गराउनुहोस्

सुपथ मुल्यमा नगरपालिका भित्र
वा बाहिर काम गर्ने र गराउन
हामीलाई एकपटक सेवा गर्ने
मौका दिनुहोस् ।

पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

## ट्वाइलेट सफा गराउनुहोस

हाम्रा सेवाहरु: तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन । सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ ।

प्रो. राजेश प्रसाद

राजेश सेनेटरी सेवा, भैरहवा
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३

L.B.F ईट्टा चाहिएमा

तपाईको शहर भैरहवा, बुटवलमा बलियो,
टिकाउ र भरपदो L.B.F. मार्का ईट्टा चाहिएमा
तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क:
पड्सरी-५, ठुटिपिपल, रूपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ ।

ट्वाई
■ लोडसेडिङ्ग भएको
५ मिनटमै सेफ्टी
■ ट्वाईलेट सिट, ना
■ यो सुविधा बुटवल,
बि
बर्मेली



बुटवल ,८ मंसिर (दैपस) - भुवनेश्वरी भगवती मन्दिरको १५ सदस्यीय नवनिर्वाचित समिति चयन भएको छ। बुटवल ४ मा रहेको मन्दिरको २४ औं वार्षिक साधारणसभा तथा ८ औं अधिवेशनबाट जीवन ओभ्काको अध्यक्षतामा १५ सदस्यीय नयाँ समिति चयन भएको हो। जसको उपाध्यक्षमा अरूण कुमार श्रेष्ठ, सचिवमा रविन्द्र नाथ पंगेनी चयन भएका छन्। यस्तैगरी कोषाध्यक्षमा भिम बहादुर श्रेष्ठ, सहसचिव बाबुराम शर्मा चयन भएको निर्वाचन समिति संयोजक महेश्वर प्रसाद श्रेष्ठले जानकारी दिए।

यसैगरी सदस्यहरूमा लक्ष्मण ज्ञवाली, शिव अधिकारी, यमनाथ अधिकारी, नरेन्द्र शर्मा , नवीन वजिमय, उमा राना, रमा राजभण्डारी, लक्ष्मी खरेल, हरिमाया राना र आमन्त्रित सदस्यमा पुजेरी लेखनाथ ज्ञवाली चयन भउका हुन्।

कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिका वडा नम्बर ४ का अध्यक्ष नरिश्वर शर्मा पौडेलले मन्दिर समितिले सदैव उत्कृष्ट काम गरेको भन्दै प्रशंसा व्यक्त गरे। प्रमुख अतिथि शर्माले समिति सधै प्रतिवद्ध रहेर काम गरिरहेको भन्दै मन्दिरका लागि जुनसुकै किसिमको सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। कार्यक्रममा विश्व हिन्दु महासंघ जिल्ला उपाध्यक्ष डाक्टर बाबुराम ज्ञवाली , विश्व हिन्दु महासंघ बुटवल नगर समिति अध्यक्ष चन्द्रमान श्रेष्ठ, कृष्ण मन्दिर अध्यक्ष शर्मिला जोशीलगायतले बोलेका थिए।

उपाध्यक्ष अरूण कुमार श्रेष्ठले मन्दिर सबैको साभ्का सम्पत्ति रहेको बताउँदै यसको संरक्षण गर्नु सबैको दायित्व भएको बताए। सचिवको प्रतिवेदन कार्यबाहक सचिव रविन्द्र नाथ पंगेनी, कोषाध्यक्ष भिम बहादुर श्रेष्ठको प्रतिवेदन कार्यक्रम संयोजक तथा सदस्य बाबुराम शर्माले वाचन गरेका थिए। नवनिर्वाचित अध्यक्ष जीवन ओभ्काले मन्दिरको संरक्षकत्वमा बनेको तुलसीयुक्त धर्मशालाको पहिलो र दोस्रो तल्ला सञ्चालनमा रहेको र अब छिट्टै नै तेस्रो तल्लालाई पनि सञ्चालनमा ल्याउने प्रतिवद्धता व्यक्त गरे।




## सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं

- आफ्नो काम कानून प्रक्रिया र नियमअनुसार गरौं,
- उपहार दिने र लिने नगरौं,
- सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
- सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
- घुस लिने र दिने दुवै अपराधी हुन,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,
- भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
- अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल- फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ,

**भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं,**
**सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



अनलाइनबाट विज्ञापन
गर्नका लागि हामी

अनलाइन संस्करण:
www.dainikpatra.com

बुटवल मिडिया प्रकाशन प्रा.लि. द्वारा प्रकाशित दैनिक पत्र राष्ट्रिय दैनिकका लागि अध्यक्ष: महेशमान सिंह, वरिष्ठ सल्लाहकार : नारायणप्रसाद अग्रवाल, अर्थ-सल्लाहकार: अनुपमान सैंजु, व्यवस्थापक : मञ्जु पौडेल, सल्लाहकार-सम्पादक : ऋषि आजाद, कार्यका
प्रधान कार्यालय: बुटवल-८, बुद्धपथ, रुपन्देही, फोन नं. ०७१-५५४३४५, ५५४३४६, मो. नं. ९८६४५६३१०५/९८६४५६३१०६, भैरहवा: ०७१-५७३२२४, इमेल: dainikadd@gmail .com(Advt .), butwalmedia@gmail .com (News), mediabutwal@gmail .com(Article), URL:www .dainikpatra .com, सहका